
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत 30

वर्ष ६, अंक ३ | बुद्ध सम्वत् २५६२ | नेसं. ११३९ थिंला थ्व | वि.सं. २०७५ मंसिर ७ सकिमना पुन्ही



# अनुरोध

**बौद्ध दर्शन** अध्ययन समाजको सहयोगार्थ प्रकाशित
**बौद्ध** साहित्यिक पत्रिका **अर्हत** त्रैमासिकको

## वार्षिक ग्राहक

भई सहयोग गरिदिनुहुन पाठकहरुमा
हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख–रचना तथा
व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन
हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**
**भक्तपुर**

# अर्हत

त्रैमासिक

वर्ष ६ | अङ्क ३ | पूर्णाङ्क ३० | नेसं.११३९ थिला थ्व

शक सं. १९४० | २०७५ मंसिर ७ | बुद्ध सं. २५६२

सल्लाहकार

रत्नसुन्दर शाक्य

चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण

बालमुकुन्द बासुकला

आवरण फोटो

राजन बनमाला

विज्ञापन संकलक

लक्ष्मीप्रसाद रंजित

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन – ६६१९१०७

मुद्रण

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.

बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।-


# सम्पादकीय

तृष्णामा लट्पटिएको शासकवर्गलाई पन्छाएर देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको एक दशक नाघ्यो। पुराना शासकहरुको ठाउँमा नयाँ शासकहरु बारम्बार फेरिए। तर शासकहरुको स्वभाव पुराना शासकको जस्तो थियो आज पनि उस्तै छ।

विगतका शासनमा पनि हत्या-हिंसा, बलात्कार, महंगी, विकृति र विसंगति जस्ता आदि नराम्रा घटनाहरु हुने गर्थे तर नयाँ नेपाल भनिएको हाम्रो देशमा त्यसलाई हटाउन सकिएन। यो विडम्बनाको कुरा हो। भ्रष्टाचार र घोटालाको खबर पहिले पनि सुनिन्थे आजपनि त्यस्तै समाचारहरु विभिन्न छापा मार्फत सुन्नमा आउँदैछन्। यो राम्रो लक्षण होइन। देशमा शान्ति र सुव्यवस्थाको लागि जनताले गरेको त्यागको अर्थ भएन। जनताको अवस्था 'उही नाम्लो उही कुम्लो' भयो। शासक वर्गको हृदयबाट लोभ-लालच हटिएन। 'आफू मात्र लाउँ-आफू मात्र खाउँ' भन्ने भावना त्यागन सकिएन। काम, -क्रोध, मोह, लोभ -लालच जस्ता खराब प्रवृतिहरु उनीहरुको आभूषण भए। यदि साँच्चै शासक वर्गले यी खराब प्रवृतिहरु त्यागेमा लोकतन्त्र स्थापना भएको अनुभव नेपाली जनताले गर्ने थिए।

*पाठक महानुभावहरु !*

विगतका शासकहरुले आफ्नो सत्ता जोगाउनको निमित विभिन्न थरीका अन्धविश्वास फैलाउने गर्थे। धर्मको नाउँमा मानव जातिलाई शोषण गर्दा पनि प्रोत्साहन दिन्थे। आजको युग वैज्ञानिक युग हो। वैज्ञानिक युगले भौतिकवादी दर्शनमा विश्वास राख्छ। यसकारण 'स्वर्ग र नर्क' कही हुँदैन भन्ने महामानव गौतम बुद्धको भौतिकवादी विचार समाजमा फैलाउन सके नयाँ नेपाल बन्दैन र ?

अस्तु।

# कालिम्पोङय् उपदेशया फल

कालिम्पोंगय् थ्यन जि, पांसुकुलि जूया निंतिं वस्त्र स्वय् हे मज्यू, औलं याना: रुप स्यनाच्वन, उकें जित: खना: करुणा तयादिल, स:ता: न्यन- "छलपोल गनं बिज्यानाम्ह ?" धका: ।

जिं धया- "आ:यात जि बर्मां वयागु ख: । न्हापा जि थन हे च्वनाम्ह ख: । छेरि नोर्बु गुरु नाप ल्हासा वना, अनं वया: नं थन हे च्वना, छिं हे जित: लहिना त:म्ह ख: ।"

साहु- "छलपोल छु -महाप्रज्ञा ला ?"

"ख: साहु, जि महाप्रज्ञा ।"

साहु- "भोजन धुन ला ?"

जि- "थौंयात धुंसां सिधल, मधुंसां । बान्ह बजे मजुवं प्राप्त जूसा नल, बान्ह बजेसं निसें मजिल ।" साहुया कारखानाय् थाय् छगू खालिगु दु, वहे थासे जित: च्वनेगु थाय् बिल, जि अन हे च्वना ।

कन्हेखुनु साहुयाथाय् भोजन याय्त निमन्त्रणा वल, जि वना, लायात:गु आसने फेतुना । साहुनीनं भोजन हया: अलग तया: साहुनीनं-"गुरु बाज्या ! भपा बिज्याहुं !" धाल, "हवस्" धया । साहुनी भोजन लिसा त:फाल, भोजन गन तयाथकूगु अन हे तिनि । साहुनीनं- "गुरु बाज्यां भोजन भपा बिमज्यानि छाय् ?"

जि-"छुयाय् साहुनी ! बर्माय् जित: उपसम्पदा पद बियाली लाहाते ल:ल्हाना मबीकं नय् मज्यूगु, उकें मनयागु ख: ।"



✍ भिक्षु महाप्रज्ञा (सन् १९३४ स)

साहुनी-"घा: गथे याय् का: !" उखुनु अथेंतुं जुल ।

कन्हेखुनु, साहुनीनं- इही मया:निपिं म्ह्याय्पिन्त ह्येका: म्ह्याय्पिसं ल:ल्हाके बिल ।

कंसखुनु जूबले जि भोजन याय्गु बेला ज्वीवं भोजन ल:ल्हाय् माली धका: साहुया म्ह्याय्पिं छ्ले जुया: बिस्युंवन, भोजन ल:ल्हाकेपिं सुं हे मदया: साहुनीया अथे याय् थथे याय् मन्त, घरि पिनेनं स्वइ, घरि दुनेनं स्वइ, छुयाय् छुयाय् जुल, जि छम्ह नो मवासे मने न्हिले मास्ते वय्काच्वना, जातयागु नीतिकुतिं याना: साहुनीया अय्याय् थय्याय् मदया: काचाकाचां थमं हे ल:ल्हात, साहुनीया मती- "मखुगु हे ज्यायाय् माल धैथें छु याय् छु याय् जुया: हिती

वना: साभुनं ल्हा: स्यूवन । व खँया जवाफ छन्हु साहुनीयात बियेगु मौका वल ।"

चतुर्मासं जित: बाखं कंकल, वहे अवसरे बाखनय् मिले याना: कनाहया-

बाखं

शरीरं यानागु पुण्यं पाप कटे ज्वी- शरीर शुद्धी ज्वी, वचनं सत्य भाषण, प्रिय वाक्यं व पाठया पुण्यं वाकयागु पाप कटे ज्वी" ध्यान यानागु पुण्यं मनयागु पाप कटे ज्वी धका: धर्म शास्त्रे कनात:गु दु, थौंकन्हे दय्कात:गु जातपातं याना: दान बियागु पुण्य शारीरिक पाप कटे ज्वी धका: ग्याना: काचाकाचां साब्वं थाना: सिला छोय् माल । थ्व जातिपातियागु धर्म दय्कावंम्ह आचार्य धात्थें हे युक्ति युक्तगु जाल दय्का: जाले दुने लाका: सुख शान्तियागु मार्गे बाधा तया बिल । थ्व जातीय धर्म धयागु हिन्दु धर्म हे जक दु, मेगु छुं धर्मे नं मदु, हिन्दु धर्म धयागु हिन्दुस्थाने हे जक दु, मेगु स्थाने मदु । यदी दहे दत धा:सा- हिन्दुस्थानया अधिने ला:पिस जातीय धर्म माने याय्गु कर परे जुया: माने या:गु ख: । जातीय धर्म धयागु परस्पर मेल मज्वीगु छगू- कुतंत्र ख:, छगू- जाति भेदं याना: ब्राम्हण च्वेलाका त:गु ख: । आ: थौंकन्हे मनुष्य जातीपिसं विचार छुं मयासें जाती धर्म हे मूल धर्म भालपा जातयात थ:गु प्राणयासिनं त:धंका: थांलाना: सिनावने मा:सा नं, जात वनी धका: ग्याना च्वनीगु जुयाच्वंन । थ्व जातीय धर्म धयागु सामाजिक धर्म याना: करे लाका त:गुलिं मानसिक शुद्धि मजुया: अशान्ति ज्वीका:, कर्म शुद्धिया लाइने बाधा जुयाच्वंगु ख: जातपातं याना: सकल्यात समानं खने मफेका तल, जातपातं याना परस्पर मेल मदय्का तल, जातपातं याना कलहया बृद्धि जुयाच्वंन, तसथं धर्मकामीपिसं थ:त शान्ति य:पिसं व मैत्रीभावद्वारा चित्त शुद्ध याय्मा:पिसं जातीपाती माने याय्गु नितान्त भूल ख: ।" बाखं सिधल ।

थ्व बाखनं याना: श्रीमती भाजुरत्नया अथे याय्, थथे याय् मदया: बाखं सिधेका: सकलें दना वनानं साहुनी छम्ह दना मवंसे अथेंतुं कोछुना च्वन ।

जिं धया-"साहुनीया न्ह्यो व:ला ?"

साहुनी- भ्रूसंक वंम्ह थें जुया:, निपा ल्हा: जोजलपा वन्दना यासें- "गुरु बाज्या ! जित: क्षमा याना बिज्याहुं, छलपोलयात जिमिसं अन्याय् याय् लात, क्षमा याना बिज्याहुं ।"

"आ: छु याय् साहुनी ! थ्व अन्याय छिं या:गु मखु समाजं या:गु ख:, छित: दोष मदु ।"

"आवंलि छलपोलयातनिं जिं अथे छूत याय् मखुत । जिमित मा:मा:गु शिक्षा बिया बिज्याहुं, गुगुलिं जिमित ज्ञान दइ ।"

उखुनुया दिनंनिसें भाजुरत्न कंसाकारया परिवारपिसं भिक्षुपिन्त सादर वन्दना व भोजनया प्रबन्ध याइपिं जुल । नित्य जिथाय् भाया: पञ्चशील याचना याना: शील पालन याइपिं जुल ।

व गृहे थुलि तक जुलकि- मां बौपिसं व्यापारे मखुगु खँ ल्हाय्वं काय् म्ह्याय्पिसं, मचातसें हे नं सो अबुं मखुगु खँ ल्हात धका: मछालापुसे च्वंक धाइगु जुयावल । छन्हु चिकिधिक:म्ह "देव ज्योति" धैम्ह काय्नं मखुगु खँ ल्हात । मांम्हसें धाल- "का का सो ! देवचां नं मखुगु खँ ल्हात" धका: धाल, मचा मछाला: बिसें वन । कन्हेखुनु

जिथाय् वया: शील का:व:बले- देवचां नं मखुगु खँ ल्हात" धका: धाल, मचा मछाला: बिसें वन । कन्हेखुनु जिथाय् वया: शील का:व:बले- देवज्योति छम्ह न्ह्योने वय् मछाला: थामं किका: सुलाच्वन, मांपिसं शील प्रार्थना या:बले देवज्योति थामं किका: नाप नापं ब्वनाच्वन । पाणातिपाता वेरमणी आदि पञ्चशील ब्वना यंकल, मुसावादा धाय्गु थासे देवज्योतिं **"जि छम्ह मखु वेरमानी सिक्खापदं समादि यामी"** धका ब्वनाहल, मांम्ह व ततापिं खिरिरिरिं न्हिलाहल, छाल- "चण्डाल ! गुलि मिले ज्वीक धयाह:गु, गुरु बाज्या ! म्हिग: देवचां मखुगु खँ ल्हात उकें ग्याना: न्ह्योने च्वंवय् मछा:, थामं किका: सुला: शील ब्वनाच्वन । च्वंनसें बांलाक हे ब्वन, मुसावादा धाय् मा:थाय् जक- **"जि छम्ह मखु वेरमणी सिक्मखापदं समादि यामी ।"** धका: ब्वनाहल ।

जिं धया- "ख:ला ? देवज्योति !" देवज्योति बिसें वन । जिं साहुनीयात धया- "देवज्योति ज्ञां दैम्ह ख:, भतिचा शील स्यंगुलिं हे उलि ग्यात धा:सा उकेयात ज्ञान मदुम्ह धाय् मज्यू, लिपा पाप याय्त ग्याइ ।"

क्रमश: मचातेत माता पितापिनिगु गुण लुमंका: नित्य माता पितायागु चरणे प्रणाम (भागीं) याय्गु शिक्षा बिया यंका, मचातेसं शिक्षा सम्पादन याना यंकल ।

छन्हु बौम्ह पिहां भ्कायाच्वन, ज्योना याय् त्यया:नं साहु ध्यंक: मभ्का:, मचाते पित्याना: ख्वा: ख्युं, मांम्हसें- "का मचात ! छिमि जा न ! छिमि अबु गुबले भ्काइ मस्यु ।"

देवज्योति– "अबु भागि मयानानि ।"

मां– "छिमि अबु न्हिच्छिं मव:सा, न्हिच्छिं हे मनसे च्वने फुला ?"

देवज्योति– "अले गुरुबाज्यां ब्यूगु शिक्षा स्यंसां ज्यूगु ला ?"

"मो ! स्यंके मो ! थौंजा अबु पिहां वना च्वंगुलिं धयागु का, स्यंकि धयागु मखु ।"

"थौं छकोयात सह याय्का ।" हाला च्वंबले बौम्ह थ्यंक: भ्काल, "छाय् छु जुल ?"

साहुनी– "छुं मजू ! छि पिहांभ्का:म्ह उजुं द्वाहां मभ्का:, अबु भागि याय्मानि धका: जा मनसें प्वाथे पित्याका च्वन, न धयां नं मन: ।"

देवच्योति बौम्ह खनेवं बौयागु तुति निपां ज्वना: भागि यात, बौम्हसें पुत्र स्नेहं ब्याकुल जुल, ख्वे बच्छि न्हिले बच्छि ज्वीका: काय्यात काचाक्क कया: मुले तया: चुप्पा नया: धाल– "जि काय् गुलि ज्ञानी ज्वी धुंकल, अबु भागि मयासें मनैम्ह गुलि ज्ञानी ज्वी धुंकल", धका: हाकनं छको चुप्पा नल ।

अनंलि जिपाखे अर्थात् शीलपाखे भतिचा धल्के जूर्थे च्वनावले । छन्हु शीलयागु विषयले खँ छलफल जुल–

"गुरु बाज्यायाके जिं छगू खँ न्यनेमासे व: न्यने ज्यूला ?"

"ज्यू न्यनादिसँ, खँ न्यनीपिं दुसा जि मन साप हे लय्ता:, छु धाय्माल धयादिसँ ।"

"मेगु मखु छलपोलपिंस शील बिया बिज्यात, व पञ्चशील, अष्टशील, दशशील मध्ये छताशील स्यन धा:सा फुकं हे शील स्यं ला कि मस्यं ? हानं शील कया: शील बांलाक पालन याय् मफत

धा:सा भ्रं पाप लगे ज्वी हँ, तसर्थ शील काय्‌गु स्वया: मकाय्‌गु हे भिं, शील मका:सा पाप लाइमखु, थथे जिं न्यना ।"

"उगु कथं मखु साहु, संसारे शील मदुगुलिं त्यो मत्यो धैगु छुं हे विचार मदया: हे मयोगु दु:ख भोग याय् मालाच्वंगु ख: । छिं हे धयादिल शील स्यन धाय्‌वं नर्क वनी धका:, शील मकाल धा:सा अर्थात योयोथें सना: तृष्णाया बसे लानाच्वन धा:सा छु स्वर्ग वनी ला ? न्याता शील का:गुली छता शील स्यनेवं न्यातां हे स्यनीमखु, स्यंगु छता स्यंसा नं मस्यंगु प्यता शुद्ध जुयाच्वंगु हे दु, गथे छिं सुइतं न्यातका दां ब्यूगुली छतका दां खोंगु जुल धा:सा छु न्यातकां सित्तिं वनीला ? वनी मखु वथें हे ख: । लगाम मदुम्ह सल, इस्टेरिंग मदुगु मोटर थें – शील मदुम्ह मनुष्य व उथें हे धका: सीकादिसँ ।"

साहु भाजुरत्न कंसाकारं शीलयागु महत्व सिल, "जित: नं शील बिया बिज्याहुँ सा ।"

शील प्रार्थना याय् मस:निगु जुया: जिं धया: स्यना बिया । साहुं दश सुचरित्र शील ग्रहण यानादिल । दश सुचरित्र शीलयागु अर्थ कना बिया–

(१) प्राणी हिंसा मयाय्‌गु, थुलि शरीरं
(२) पर वस्तु मबीकं मकाय्‌गु, याइगु
(३) व्यभिचार मयाय्‌गु,
(४) मिथ्यां खँ मल्हाय्‌गु,
(५) चुगली मयाय्‌गु, थुलि वचनं
(६) कडागु बोली मयाय्‌गु, याइगु
(७) क्कवास मयाय्‌गु,
(८) पर धने लोभ चित मयाय्‌गु,
(९) द्वेष भाव मने मतय्‌गु, थुलि मनं
(१०) कर्म विपाके अन्धविश्वास मयाय्‌गु, म न याइगु

◆

बौद्ध साहित्यिक पत्रिका
"अर्हत त्रैमासिक"
निरन्तरताको लागि शुभकामना ।
सिदि गणेश लक्ष्मी
निर्माण सामग्री सप्लायर्स
नेपाल, बालाजु, काठमाडौं
फोन नं : निवास: ०१-५१२२०५६
लक्ष्मीसुन्दर मो: ९८५१०२३८५२
०१-४३८२३४४ (अफिस)

बौद्ध साहित्यिक पत्रिका "अर्हत त्रैमासिक"
निरन्तरताको लागि शुभकामना ।
भक्तपुर बुक्स
च्याम्हासिंह, भक्तपुर, मो.नं. ९८५११२१९८९, ६६१७२०२

# सुभासिता च या वाचा एवं मङ्गलमुत्तमं
# सुभाषित वचन ल्हायेगु छगू उत्तम मङ्गलःख



✍ भिक्षु सुदर्शन

सुभाषित वचनया अर्थ बौद्ध दृष्टिकोणं नायूगु, ख्यले दुगु, करपिं ल्वाकी मखुगु, खःगु खँ जुइमाः । सुभाषित खँ ल्हायेगुली व न्यनेगुली पण्डितपिं तृप्त जुइ मखु, गथे समुद्र लखं (महासुंतसोमजातक, ५३७) । नायूगुखँ जुया नं ख्यले मदुगु जूसा व खँ व्यर्थ खः । छाय्धाःसा अर्थहीनगु द्वलंद्व खँ ल्हायेगु सिबें अर्थ दुगु खँ छगू जक ल्हायेगु हे उत्तमकारण उकिं जक मने शान्ति हइ (धम्मपद १००) । अले सार्थक शब्द धयागु दासया म्हुतुं नं आदरपूर्वक न्यनेमाः (म. जातक ५३७) । मने शान्ति जुइगु खँल्हायेता सः नाइ हे माः । कठोरवाणी थःत बुइका तःम्ह माँयात, बौयात, थः हिया बन्धुपिं दाजु-किजा, तता-केहेँ, क्लाः काय्-म्हयाय्पिंत हे नं यई मखु (एकपण्णजातक १४९) । उलि जक मखु कठोर वाणी पशुतयेत तक नं मयः (नन्दिविशालजातक २८) । मेपिन्त मयइगु खँ ला छखे हे ति । उकिं खँ नाइके माः, ख्यले दयेकेमाः । गुम्हकठोर वचन त्व कठोर वचनं अलग च्वनी, अले गुम्हसिनं न्हेपंयात यःगु (कर्ण सुखप्रदगु), नुगःयात यःगु हानं सभ्यगु खँ ल्हाइ व सिना नं स्वर्ग वनी । वथें हे गुम्हसें म्वाः मदुगु खँ ल्हायेगु तोती, काल स्वया यथार्थवादी, अर्थवादी, धर्मवादी, विनयवादी जुया तात्पर्य सहित, पर्यन्त सहित अर्थ सहित, भाव सहित (निधानवती) खँ ल्हाइ व नं सिना स्वर्ग वनी (लक्खणसुत्त, दीघनिकाय) ।

खँ ख्यले दयेकेत मात्रानुसार खँ ल्हायेमाः, समय स्वया खँ ल्हायेमाः, मनू स्वया खँ ल्हायेमाः । चाहे मनुखं जुइमा चाहे पशुपंक्षी अप्वः खँ ल्हायेवं दुःख भोग याये माली । दुर्भाषित वाणीं मनूयात तःसकं जःगु शास्त्रसिबे याकनं कोथली । अले अप्वः खँ मनूयातशोक व मृत्युया कारण तकं जुइयः (तक्कारिय जातक ४८१) । समय स्वया खँ मल्हायेवं मनूया म्हुतुइ मल तकं लाः वने फु (सालियजातक १०७) । मनूया नुगः स्वया थःगु सःपित मबीवं थःगु वचनं थःगु हे विनाश याइ (तित्तिरजातक ११७) । उपदेश वयात बी ल्वः गुम्ह व उपदेशयात ल्वः, उपदेश वयात बीमल्वः, गुम्ह उपदेशयात हे मल्वः (अवारियजातक ३७६) । खँ थः शत्रुयात नं अथे हे थःगु अधिकारेतइ, गथे गरुडं सर्पथत

(कोकालिकजातक ३३१) उकि दुर्भाषित खँ ल्हायेगुलीं लिचिलिपिं पण्डित जया खः, मूर्ख जुया मखु । बाँलागु भिंगु हे जक खँ :ल्हा, न कि बाँमलागु मभिंगु, अर्थ युक्तगु खँ हे जक ल्हा:, न कि निरर्थकगु, य:गु खँ जक ल्हा, न कि मय:गु, ख:गु खँ हे जक :ल्हा, न कि मखुगु (सुभासितसुत्त, सुत्तनिपात) ।

उदाहरणार्थ छपु बाखँ बी ।

वारणसी (मंसजातक) ब्रम्हदत्तं राज्य याना च्वन । बोधिसत्व छम्ह सेठ-पुत्र जुया जन्म जूगु खः । छन्हु बोधिसत्व थ: पासापिं नापं छगू फलेचाय् च्वना अने तनेगु खँ ल्हाना च्वन । अबले हे लें छम्ह शिकारी चला शिकार याना वया च्वंगु । शिकारी खनेवं इमि थवं थवे व शिकारीं शिकार यानाहया थ:म्ह चलाया ला फ्वनेगुली बाजिथें खँ जुल । अले छम्ह वना फ्वं वन । वं धाल– 'अरे, जित आम चलाया ला छकू ति !'

शिकारीं धाल, 'मेपिंके फ्वनेबले प्रिय भाषी जुइमा: । छंगु वचन साब छा: । उकिं जिं नं छंगु वचन अनुसार हे ला बी ।' अले शिकारीं वयात प्याथ:गु ला छकू बिल । वयात प्याथ:गु ला बिया हयेवं मेम्ह हानं दना: शिकारीया थाय् वन । वं धाल, –'दाजु, जित नं ला छकू ति रे !'

शिकारीं वयागु खँ न्यना धाल, – 'संसारे दाजु-किजा धयापिं मनूया अंग प्रत्यंगथें खः । उकिं जिं अंगथें जागु वाणीयात ल्वेक तुं अंग हे बी ।' शिकारी वयात चलाया ल्हा: तुति पाखेया ला बिल । वं व ला ज्वान पासापिं च्वना च्वंथाय् वन । अले हानं मेम्ह शिकारीया थाय् वल । वं नं शिकारीयाके अथे हे ला फ्वंफवं धाल, तात, जित नं चलाया ला छकूचा बियादिसँ ।'

शिकारीं वयात धाल –'तात, धाइबले अबु जूम्हसिया नुग: पुत्रप्रेमं सनी । उकिं जिं छन्त नं छंगु वचनयात ल्वेक हे ला बी ।' शिकारीं वयात चलाया नुग: ला बिल । व ला ज्वना व नं पासापिं च्वं च्वंथाय् वन । अले बोधिसत्व शीकारीयाथाय् ला फ्वनेत वल । बोधिसत्वं शिकारीयात मतिनां स्वया धाल, 'पासा जित नं चलाया ला ब्यु ।'

शिकारीया मन पासा धा:बले साब प्रसन्न जुल । अले वं प्रसन्नजुया धाल,' गुम्हसिया गामे पासा धयाम्ह सुं मदु, वयात व गाँ नं जङ्गल थें खः । छं जित पासा धया थन सुं मदुम्हसित सुं दुथें अनुभव याके बिल । छंगु वाणी जिगु निंतिं सर्वस्वथें खः । उकिं छन्त जिं फुक्क हे ला बी ।' शिकारीं धात्थें वयात फुक्क हे ला: बिल ।

बिसित्वं नं वायत अले धात्थेंम्ह थ: पासा यात । वया जहानपिं सकलें स:तका थ:थाय् लिक्क हे थाय् बिल । अले हानं माक्व सहायता बिया ब्यापार याके बिल । थ्व बाखँया सारांश थुलि मात्र खः, वचन अनुसारं फल प्राप्त जुइ । धात्थें धा:सा थ्व सिबें बाँबाँलागु नुगले थुं थुं दीगु उदाहरण थ:थ:गु जीवनया अनुभूती दु । मिखा, न्हाय्, न्हाय्पंया पाखें भीत यक्व ज्या ब्यू, तर शत्रु मित्र, दयेकीगु व मदयेकीगुली म्हुतु

गुलि न्हयोने ला: उलि शायद हे गुगुं मेगु अंग न्हयोने लाइ । छगू शब्दया समुचित प्रयोगं लाख मूल्य क्यंका बी, छगू शब्दया अनुचित प्रयोगं थ:गु सम्पूर्ण व्यक्तित्व व अस्तित्व समेतं च्वत्यंक मिया बी । उकिं छगू सूभाषित खँ लाख दुर्भाषित खँ सिबें श्रेष्ठ खः । अजागु श्रेष्ठत्व प्राप्त यायेगुलिं जीवने गुलि भिं याना बी, मंगल याना बी छु उलि भिं, उलि मंगल ज्योतिष शास्त्रया साइतया सम्पूर्ण सारं याना बी ला ?

# जन्म–२

✍ कविकेशरी चित्तधर हृदय

खन्यदु भति भ्याःयागु दुचुली सो अमिगु ल्हाःया पचिं
संक कुण्डल धित्तु ध्यूं ध्यूं स्वेत संगु मछिं मछिं ।
पुरुषपिं पसले दनाः अथवा पसःया पिन्य फले
हःगु स्वैचन ब्याक्क अमि न्हाय्‌पं बियाः बाजंसले ।
विविध अन्न व साःगु मह्रि चह्रि, रत्नया आभूषण
धातु थलबल का व लाजःयागु वस्त्रत नूतन
न्याय्‌त वःपि न्याय्‌गु तोताः हतपतं फुक दंगुलि
मीगु तोताः स्वेत वल पसलं दनाः पसल्यात नं ।
मस्त सुतु सुतु पाठशालां ई मजूसां बिसि वल
गुरुपिसं बो बीकं बीकं वांछ्वयाः पुस्तक ग्वरः ।
थःतुती हे तःक्यनाः सो लैं गुलिं गो गो तुल,
ल्हाः ज्वनाः पासापिसं इति इति न्हिलाः तिंतिंन्हुल ।
ब्वां वनाः भति उख्यर देगःया फले मफु मफु गयाः
गीत वाद्य छुयाय्‌त धै थें किसिदने जक च्वन स्वयाः ।
छम्ह मचां "किसिया मचा सल ज्वी" धका
सल स्वैचन, ः मेंम्हस्यां "गन गुरुम्ह ज्वी
किसि, कथि" धका दं निपुक्यन ।
मेगु तैं च्वे च्वे किशोरी वालिकापिं च्वन मुनाः
वःगु ज्वीफु कपाय् फ्यनाः च्वंपिं अपिं नकतिनि दिनाः ।
पुष्ट कोमल अमिगु ल्हाते पिचुगु हेकू छाय् दयि
शीघ्र नं धंका कपी फुक वांछ्वयाः ब्वां वःगु ज्वी ।

देगले दुन्य द्यो छु खन्य मदु अन लुखाय् फुक तोपुयाः
अष्टमङ्गलयागु बुत्ता दुगु खन्यदु थां जक सिँया ।
खन्यदु मन्दिरया त्वनासीं प्यख्यर प्यम्ह प्यम्ह सुन्दरी,
छम्हम्हस्या वीणा ज्वनाः च्वन, निम्हम्हस्यां पुल बासुरी ।
च्वंगु मेम्ह मृदंग थानाः, प्यम्हम्हस्यां ताः थाःगु सो,
उख्यर प्याखं हूगु थें गुलि हिसिदु कूताःथाःगु सो ।
खुम्हम्हस्या स्वांमाः दु ल्हाते, मेम्ह वाहाँ खाः म्हुतु,
मेम्ह छम्ह नं नृत्य यानाः च्वंगु, छम्हस्यां स्वांम्हितु ।
झिम्हम्हस्याक्य धुपाय्‌मकः, देवा छप्वाः छम्हस्यां ज्वनाः
च्वन सिन्हःमू घय्‌पुनाःछम्ह, मेम्हस्यां न्हाय्‌कं क्यनाः
बज्रगं छम्हस्यागु ल्हाते, खाद्यवस्तु दु मेम्हस्या,
ल्हाःनिपा जक बिन्तियानाः च्वंगु सो झिंखुम्हम्हस्या ।
कुं कुने कुंसल दु प्यम्ह उगु देगले ग्यानापुपिं,
क्वे लुखाय् जःखःदु ल्वहँया सिंह कक्वी धुँसँदुपिं ।
पौ दु आय्‌पायागु स्वतँ ल्हाकाः क्वपुं प्यकुने प्यभो,
न्याःगु बाजं ताय्‌व कुंपां कोत ग्यानाः ब्वःगुसो ।
च्वे दु चिकिचा पाःगु न्याः गुगुली भुलूखा लुकु बित,
कलशया बांलूगु लुँगजू दुगु छगः पिलिपिलि थित ।
तःगु छगलं देवमन्दिर जाय्‌क हे बुत्ता कियाः
ब्याक्क धात्यें ज्वी कलाकौशल थ्व नेपाःकःमियाः ।

त्वीक सःख्वाः न्यंक पानाः तःगु भव्यगु भवनया
कःसिया पक्खाःम्वलं गुलि हल ह्वलाःहः पुष्पया ।
भ्वीसँमोपिं जिथित निम्ह स्वम्ह न्यातजाःगु व कःसिस

खन्यदु सुंम्हल्य स्यू व क्वें जक ल्यंदनिगु अमि हस्तस ।
न्यंक फरफर ब्व:गु लापा थें फसे पुतुमतु पुला:
मखु थ्व वा स्वांमाकसिं हे स्वांत छाया: ह:गुला !
मेगु तैं दुगु झ्या: पतिं जा: मिस्त गुलि गुलि नीमफु,
पंगुलिं झ्या:कापतं अमि रुप गय् च्वं सी मदु ।
उख्यरसं ल्वहँदेगले प्यख्यरं लुखाय् झ्या:प्वा: दुगु,
न्यातजा: फ: स्वान्हय ल्वहँया स्वान्हयबाहा नाग लू ।
थांत स्वाना: तल छचालं कलश अंब:सा: दुगु,
तल किया: बाखं निनाले, मेथ म्येछ्यौं लूगु दु ।
च्वे दु क:सि उकी छचालं जाय्क युवतीपिं दुगु,
छम्हथ्य छम्ह बांला:गु स्वेहे तृप्ति स्वीतं हे मजू ।
अमिगु सुन्दरतौं विदेशी युककपिं जू मोहित,
किन्तु ख: केवल छुयाय् प्रस्तर विनिर्मित मूर्तित ।
मेगु सो प्यंगु कुने प्यंग: दु देग: नं उकी
स्वर्णयागु गजू लुँची बांलूगु पिलिपिलि थी गुकी ।
वल ननीं प्याहाँ बथां हे जा:गु घ: तुंथी दिका:
प्या:गु पाल्हा: गां हुहुं महिलात जात्रा स्वे धका ।

नितँ दु क्वस्वपाखा गुगुं छ्यैं स्वेत गा:झ्या: नं स्वपा:
वैगु ज:ख: च्वंगु चिकिचा पा:गु झ्या:चा सो निपा: ।
खन्यदु उगु झ्या:चाय् कमलया ह: निह: जक सुन्दर
अलि उकी छम्ह छम्ह जुना: च्वन: संगु सो गुलि चञ्चल !
च्वंनिस्यं क्वे थ्यंक हे अप्पां दना: देग: छग:
पिचुगु अप्पा मदु छपां अन जाय्क बुत्ता दुगु जक ।
तल किया: नागो गनं कुंसा: व अम्ब:सा गनं
अष्टमङ्गल चिन्ह दु गनं देगले पिन्य सकभनं ।
सिंह दु गनं मत्तगज –मद्पूर्ण गण्डस्थल स्वया:
वैगु कक्वी ज्वन्यत लिचिला: च्वंम्ह उख्य धुख्य ता: स्वया: ।
ज्वीत रक्षित वैगु आक्रमणं किसिं दं पित कया:
च्वंगु सो अन प्राण पाना: थ: म्हुत्वी सौं दुत छुवया: ।

तरुकचाय् गैच्वंगु वानर, मृग लताया मण्डपे,
खन्यदु सुन्दर बनविहंगम पुष्प पूर्णगु पादपो
छुख्य दु जम्बुक ल्यूगु गुँ खिचां, उख्य शशकया लुचुलुचु,
मेगु थामे भ्रमरत भुना: च्वंगु अंमाया दुचू ।
देवमन्दिरया लुखाय् निख्य निम्ह मल: गय्का: तल,
नागपांय्या न्हय्म्ह नागं च्वे उकी क्कीका: तल ।
च्वे फुसे त्वलने क्षप:ख्वा: सीदु वाहाँ खा:गु सो,
स्वेव हे अन रम्य जूगु दँक:मि गुलि ज्या स:गु व ।

देशयागु दुवा: दुवाते तल लुखा सो गुलि छुना:
जाय्क हे पौभा: ब्वया: तल, मस्तस्यं स्वैच्वन मुना: ।
राजपुत्र विश्रन्तरं सो दान बिल निम्न थ: मचा,
फा:गु सो क:तिं किया: मणिचूडया मणि काय् धका ।
उख्य कहारथ राजपुत्रं थ:गु ला थ:मं ध्यना:
नकुगु सो सो व्यघ्रिनीय मस्त अति गंसिगु खना: ।
दाजुयागु भयं कवीर कुमार ग्याना बन बन
चा:हयु हयुं कुतुवंग गादे चित्र गय्च्वं शुकंन !
नागवासदह्ँ: धका नांदगु नेपा:देशया
हुंगु चित्र छ्वंगु सो ल: मञ्जुश्री चीनं वया: ।
च्वंगु बादक वीरु भरंत सिंहशिशुया वा निना:
बौम्ह दुष्यन्तं स्वया:च्वन अन सिमाया पो ज्वना: ।
पुत्र रोहित घय् पुना: शैव्या दना:च्वन सो छुख्य,
सत्यवानं पा ज्वना: वृक्षे गया च्वन सो उख्य ।

मेनकां म्हयाय् ब्यूगु विश्र्वामित्रयात व चित्रस,
स्वे मछाला: उम्ह ऋषिं तोपूगु सो थ: नेत्रस,
रैवतक उद्यानया दुन्य कृष्णभगिनीं अजुर्न
खंगु दृश्य व गुलि मनोहर, प्रेमपुलकित जू मन ।
ययिपु लव कुश निम्ह दया: वाल्मीकिया हुं आश्रम
हु:खिनी सीता-हृदय-निधिया निग: माणिक सम ।

शैल, निर्झर, द्रुम, लतामय रम्य काननयागु नं
नेत्र-रञ्जक चित्र ब्वैतल जन्तु पक्षीतय्गु नं ।
छख्यर सन्ध्यायागु दृश्य व उख्यर सुथया सूर्यया,
मेख्य अर्णवयागु रात्री म्हितुगु सो सो चन्द्रमा ।
द्वार च्वे तःपाःगु चित्रे शाक्यजुजु सो च्वन दनाः,
न्हायूकने दुन्य न्हयाःगु खन्यदत न्हयोन्यसं जात्रा थ्यनाः ।
स्वर्णकथि ल्हातं ज्वनाः हतपत महांतय् जुल अन,
"अय् । सलं न्हवी मस्त छाय् थन, च्वंहुँ हुंकन याकन"
थुलि धयाः फुक मस्त छम्ह छम्ह देगले च्वे तय् यन ।
"भाजुपिं ! भति हूल याय् मत्य सुंक स्वैदिसँ न्हां थन"
जनसमूहे थुलि धयाः भयाले मिखा अमि ब्वांवन,
षोडषीपिनि हृदयया प्रतिबिम्ब नेत्रे हे खन ।
मयूल आःथन वन्यनु याकन व किसि थ्यन सो हुंकन,
अज्ज थन ल्यंदनिगु बाजं, गीतरबया गुञ्जन ।
वंगु सुन्दर दृश्य ललनापिनि मिखाय् च्वन तिनि म्हिताः,
याःगुसो अमिसं उकीं आलोचनात छता छता ।
धाल गुलिस्यानं "थ्व बांलाः" मेम्हस्यां छं मेगु हे,
छम्ह निम्हेस्या धाल "मदुनि थज्याःगु जात्रा जूगु हे"
छम्ह मनोविज्ञानवेत्तां धाल "छिमिसं छुं मस्यू
भीम्ह जुजुया चित्तया आनन्द लन्यगु थ्व खः उम

न्हयाः ववं नरपंक्ति लायकूया समीये लैं थ्यन,
नृपनिकेतनयागु खन्यदत कुं छकुं निं हुंकन
उगु कुने च्वे खन्यदु चाकमक लाःगु भौगाः नं छगू
दुगु वहःया भ्याः छचालं पौच्वकाय् दु लुं या गजू ।
थीगु लुँपली कुंकने कुंपाय् दु सो भंगः लुँयाः,
संक खायाः तल लिबिं श्रीवत्सया बुत्ता कियाः ।
तायदु फयगं न्याःगु छिलिछिलि उगु लुँपौया मुसिमुसी
मातृकापिं नृत्य यानाः च्वन त्वनाले गुलि हिसि !
वैगु क्वे दु लुँया सँभ्याः सो जायक बुत्ता दुगु स्वँपाः,
मेगु ल्याः ख्याय मफु छभो हे थीथ्य च्वं आपा मपाः ।
मेगु कुं नं ब्याक्क खन्यदत उख्यर नं थुख्ययागु जो
पौ, गजू, भौगाः, त्वना, भयाः छुं मपाः न्हयाग्गुं छजो ।
राजसदने नं दु वातायन छभो हे मातने,
वालिकापिं जायक दुगु अट्टालिका च्वतयागु तैं ।
स्वर्ण स्वांमाकसि क्वताले हवःगु स्वां नवरत्नया,
गुलि व सुन्दर हेम-मलखं हयुंगु थां सो स्फटिकया ।
भिंगु भिंपूया दरालि लुँयागु सिंख्वाःया म्हुत्वी,
पुष्ट किसिदं जोगु कोमल ल्हाः दिकाः तल सो गुकी ।
शाक्यनन्दन ध्वंबले अन समय संध्या जूगुलिं
मणिविनिर्मित भार खायाः न्यंक च्याकाः तःग

ख्यूँगु तन, दुर्गन्ध फुत अन तैलसौरभ, मतजलं ।
अमिगु ल्हाते खन्यदु नाना रत्न या पूजा ज्वलं ।
म्हःसिन्हः दुगु कनककाय्भः, पुष्प पूर्ण लुँया कलः,
रौप्यया बांलाःगु सुंम्हल्य जायक सरस सिसाफल ।
नीरमणिया धूपमकले मन्द कुँ वयाः च्वंगु दु,
पुष्परस च्याकाः ज्वनाः च्वन हरितमणिया बाँदलू ।
पूर्ण कंकण पुष्ट ल्हातं स्फटिकया देमा ज्वनाः
ताय फिपू व अभीर कीगः हवःगु सोसो अन च्वनाः ।
सान्ध्य शीतल वायु न्हयानाः अमिगु सालुगु अंचल
सात्तु साःसां उच्च उर खन्यदयक भतिभति प्वीक्ल ।
छम्हथ्य छम्ह बांलाः अपिं गुलि, संगु गुलि जक हिसि दुगु
थिकुक ब्वहलं ख्वाःबले अमि कण्ठहार सनाः उगु
यवनिका सम अमिगु रेशमयागु गाय् दुन्य दुन्य सुलाः
नाटयशालाय् नर्तकीपिं च्वंगु थें प्याखं हुलाः ।
कण्ठ कोकिल वालिकात मृदङ्ग वीणा लिस्य लिस्य
मोति हायकाः स्वस्ति मङ्गल गीत हालाः च्वन छख्य
"छःपिनि भूप ! सदां जय ज्वीमा,
छुं जिमिसं थन दुःख मसीमा,

रात्रि, दिवा, सुथ वा दिन अन्त
न्हयाग्गु इले थगु मङ्गल छन्त ।
आदि, दथ्वी अथवा अवसाने
निर्मल छ:पिनि कीर्ति-उभाने
पुष्प समान पुता थुम्ह ह्वेमा
आयु, कला, सुख संपद दय्‌मा" (दोधक छन्द)

थुगु न्यन्यं भूअप्सरातय् गीत गौरी रागिनी पुलुक जुजु शुद्धोदनं स्वत थ:म्ह सुत शौद्धोदनि । थ:प्रजापिनि ख्वा:स्वया:"आ: भाजुपिं:ल्याहाँ हुं न्हां" थुलि धया: गोकुल व दोंगा उचित दँय्‌पौयागु दां बीव द्यो ल्हाना: "गलश्र्चकधा:" धका पँय्‌ता:खल: हर्ष गदगद चित्त याना: ब्याक्क वन बाजंखल: । सैन्य सल किसि ब्याक्क लित छ्वत पारितोषिक धन बिया:, रक्त बिद्रुमया दुवा: दुगु तीत खापा स्फटिकया । त्वीक त्वलने च्वे जवंतू शंख लक्षण पूर्णगु, तासयागु तुयूकुसाय् अति थीगु हीरक्या गजू, पद्यरागथले लखे राजीव म्वा:पिं निम्ह दुगु, द्योन्य मणिया धौभ्यग: दुगु स्वर्णया घ: जल दुगु, चारु चामर संगु फरफर नाप उत्पलपत्रया बोगु ज:ख: निपु ध्वजा अन चिन्ह दुगु श्रीवत्सया उगु लुखां दुन्य रक्त वर्ण बना: बसा लाया: तल, थौं जुजुं हे घय्‌पुना: सुत लायकुली दुत यंक्ल ।

*सुगत सौरभ महाकाव्यया जन्म नामगु स्वंगूगुसर्ग सिधल ।*

ने.सं ६२ साल थिंलाथो १२

◆



## हिन्दु धर्मका एक महान सन्त स्वामी विवेकानन्दका केही उदगार

१) 'बुद्ध-धर्मको छोडकर, दुनियाँ में एक भी धर्म ऐसा नहीं जो विना खून खराबा किए एक भी कदम आगे बढा हो ।'
२) 'संसार भरके धर्म प्रवतर्कों में केवल बुद्ध ही एक सेवा व्यक्ति है जिन्होने हमें स्व-विश्वासका पाठ पठाया है ।
३) समस्त मानव-जाति ने केबल एक ही ऐसे व्यक्तित्वको जन्म दिया है । ऐसा उन्नत दर्शन, ऐसी अद्‌भुत सहानुभूति, जिसका वर्णन नही किया जा सकता, इस श्रेष्ठ दार्शनिक बुद्ध ने सर्वश्रेष्ठ दर्शका प्रचार किया है ।
४) मनुष्य जातिका इतिहास बतलाता है कि विश्वमें जितने मनुष्य पैदा हुए, उनमे बुद्ध ही सर्वश्रेष्ठ है । उनके साथ और किसी की भी तुलना नहीं की जा सक्ती है ।

*सन् (१८६३-१९०२) का 'कर्मयोग' कृतिबाट पृष्ठ-१६७-६८*
*-स्वामी विवेकानन्द*

# इटालीका एक बौद्ध विद्वान प्रो. जोसेफ टुच्चि



✍ रत्नसुन्दर शाक्य

२० औ शताब्दीको मध्यसम्म पनि एशिया महादेशको एक अति दुर्गम भूखण्डको रुपमा रहेको तिब्वतमा प्राचीन बौद्ध ग्रन्थहरुको अध्ययन अनुसन्धानको निमित्त दुर्गम बाटो हुँदै तिब्वत पुगी ती बौद्ध ग्रन्थहरुको उद्वार कार्य गर्नुभएका केही सुप्रसिद्ध तिब्वती यात्रुहरुमा इटालीका प्रो. जोसेफ टुच्चि पनि एक प्रमुख हुनुहन्छ ।

उहाँको जन्म ५ जून १८९४ का दिन इटालीको मासेरता (Macerata) नामक नगरको एक कुलीन परिवारमा भएको थियो । उहाँले आफ्नो प्रारम्भिक, माध्यमिक एवं उच्च शिक्षा रोमको विद्यालय एवं विश्वविद्यालयबाट नै प्राप्त गर्नुभएको थियो । उहाँलाई डे. लिट (D. Litt) को उपाधि रोम विश्वविद्यालयबाट नै प्रदान भएको थियो ।

जोसेफ टुच्चि आफ्नो अध्यापन कार्य पनि रोम विश्वविद्यालयबाट नै शुरु गर्नुभएको थियो । एक साधारण रुपमा अध्यापन कार्य शूरु गर्नुभएका उहाँले पछि आएर क्रमश: आफ्नो देशमा मात्र होइन विदेशका क्यौं विश्वविद्यालयहरुमा समेत पुगी आफ्नो मूल विषय धर्म र दर्शन सम्बन्धि अध्यापन कार्य गर्नुभएको थियो ।

यसै क्रममा उहाँ सन् १९२५ मा भारतमा आई पुग्नुभएको थियो । उहाँले विशेषत: कलकत्ता विश्वविद्यालय र बौलपुरस्थित रवीन्द्रनाथ टैगोर ( सन १८६१ - १९४१) द्वारा स्थापित शान्तिनिकेटन - विश्वभारती विश्वविद्यालयमा इटाली, चिनी र तिब्वती भाषा सिकाउनु भयो । भारतको अध्यापनकालमा उहाँको समस्त व्ययभार इटालीको तत्कालीन मुसोलिनी सरकारले व्यहोरेको थियो ।

सन् १९२९ मा प्रो. जोसेफ टुच्चिलाई इटालीयन एकेदेमिले आफ्नो सदस्यको रुपमा नियुक्त गरिएको थियो । यसै क्रममा सन् १९३३ मा आएर उहाँले मध्य एवं सुदूरपूर्वको विशेष अध्ययन अध्यापन गराउने हेतुले "Italian Institute" स्थापना गर्नुभएको थियो । यसै क्रममा उहाँले क्यौं पटक नेपाल र तिब्वतको

यात्रा सम्पन्न गर्नुभएको थियो । उहाँले तिब्वतको मात्र आठ पटक यात्रा गर्नुभएको थियो । उहाँले तिब्वतको विशेषत: इतिहास, कला-संस्कृति, भूगोल आदि विषयका महान ज्ञाता भई सो विषयमा क्यौं कृतिहरुको पनि रचना गरी नेपाल र तिब्वतको पूर्ण जानकारी एशियालीहरुलाई मात्र होइन यूरोपीयहरुलाई पनि जिज्ञासा एवं आकर्षण गराउनमा उहाँ अति सफल हुनुभएको थियो ।

उहाँले नेपालको दुर्गम हिमाली भेगमा ६ पटक यात्रा सम्पन्न गरी नेपालको ऐतिहासिक सत्य तथ्य वृतान्त संसारसामू प्रष्ट पारि दिनुभएको थियो । यसमा एक प्रमुख विषय थियो – नेपालको साच्चि कै प्रमुख धर्म - 'बुद्ध धर्म' रहेको ऐतिहासिक सप्रमाण (तथ्य) उहाँले उल्लेख गरिएको हामी पाउँछौ ।

प्रो. जोसेफ टुच्चिले नेपालको पश्चिमी प्रदेश कर्णाली खश मल्ल राजाहरुको वारेमाविस्तृत अध्ययन मनन अनुसन्धान गरी तिनीहरुको पूर्ण वंशावली समेत पत्तालगाई पश्चिमी नेपालका ती खश - मल्ल राजाहरु पूरा बौद्ध धर्मावलम्बी भएको र तिनीहरुको पूर्वज कुमाउँगढवाल (हाल भारतको हिमाञ्चल प्रदेशको क्षेत्र) बाट आई जुम्लाको सिम्जा र दुल्लुलाई राजधानी बनाई विशाल खश साम्राज्य कायम गरिसकेको, पछि आएर राज्यविस्तारको क्रममा हिन्दुकरणमा परिणत भएको आदि वारे तथ्य सत्य कुराहरु खुलस्ट पारिदिए । प्रो. जोसेफ टुच्चिको एतिहासिक तथ्यतालाई नेपालका इतिहास शिरोमणि वावुराम आचार्य (वि. सं १९४४ - २०२९) ले पनि सहर्ष स्वीकार गर्नुभएको छ । साथै उहाँले टुच्चिको विव्दतालाई प्रशंसा गरिराखेको पनि हामी पाउँछौं ।

प्रो. जोसेफ टुच्चिले सन् १९४८ मा इटालियन इन्स्टिच्यूटको अध्यक्ष भए देखि मध्य एवं सुदूर पूर्वका विभिन्न धर्म इतिहास, कला-संस्कृति आदि बारे द्रतगतिमा अध्ययन अनुसन्धान गर्दै लगे यद्यपि उहाँले यसको अनुभव सन् १९४१ देखि नै शुरु गर्नुभएको थियो । यसको ज्वलन्त प्रमाण हो-उहाँको पुस्तक "The Travels of a Buddhist Pilgrim in the Swat Valley (Pakistan) । यस पुस्तक विश्वकवि रवीन्द्रनाथ टैगोरद्वारा स्थापित "The Greater Indian Society" को तर्फबाट प्रकाशित भएको थियो ।

प्रो. जोसेफ टुच्चिको सम्पर्क विशेषत: २० औं शताब्दीको मध्यदेखि नेपाली विशिष्ट विद्वत् व्यक्तिहरुसित परिचित हुँदै आएको थियो । ती विद्वत व्यक्तित्वहरुमा राजगुरु पण्डित हेमराज शर्मा, केशरवहादुर के.सि, माधवलाल कर्माचार्य, हेमराज शाक्य, भिक्षु अमृतानन्द आदि प्रमुख थिए ।

जोसेफ टुच्चिले नेपालको इतिहासलाई बौद्ध दृष्टिकोणबाट अध्ययन गर्दै लानुभएको थियो । उहाँले भारत तिब्वत र मध्यएशिया सम्म पनि बुद्ध धर्मको प्रचार-प्रसारमा नेपालको विशेष योगदान रहेको कुरा तथ्य पनि उल्लेख गरिराख्नु भएको छ । तिब्वतको विभिन्न गुम्बाहरुमा नेपाली कलाकारहरुको योगदान रहेकोलाई पनि विर्सन नसकिने स्थितिमा रहेको वारेमा पनि उहाँले उल्लेख गरिराख्नुभएको छ ।

उहाँले सन् १९५६ मा, नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन सम्पन हुनु अगाडि नै तत्कालिन

धर्मोदय-सभाका अध्यक्ष भिक्षु अमृतानन्द (वि.सं. १९७५ - २०४७) लाई इटाली भ्रमण गर्न निम्तो दिइराख्नु भएको थियो । अत: भिक्षु अमृतानन्द विश्व बौद्ध सम्मेलन समाप्ति पश्चात् (पछि) ३१ दिसम्वर १९५६ का दिन कलकत्तावाट रोमतर्फ प्रस्थान गर्नुभएको थियो । उहाँले "रोम विश्वविद्यालय" मा नेपालभाषाको अध्यापनको साथै इटालीमा प्रादुर्भाव हुँदै आएको बौद्ध उपासकोपासिकाहरुलाई बुद्ध-धर्म सम्बन्धी नियमित रुपमा प्रतिहप्ता प्रवचन पनि दिँदै जानुभएको थियो । भिक्षु अमृतानन्दले इटाली लगायत अन्य कयौं यूरोपीय मुलुकहरुमा पनि परिभ्रमण गरी सन् १९५८ मा थाईलैण्डमा सम्पन्न हुन लागेको पन्चम विश्व बौद्ध सम्मेलनमा सहभागी हुन पुग्नुभएको थियो ।

स्मरणीय छ, प्रो. टुच्चिले सन् १९५६ मा २५०० औं बुद्ध जयन्तिको अवसरमा आफ्नो एक प्रमुख कृति "Minor Buddhist Texts" को पहिलो भाग प्रकाशित गर्नुभएको थियो । यसको दोस्रो भाग दुइ वर्ष पछि सन् १९५८ मा प्रकाशित गर्नुभएको थियो ।

सन् १९५६ मा जोसेफ टुच्चिको अन्य एक विशेष कृतिको पनि प्रकाशन भएको थियो । त्यो हो "Preliminary report on two Scientific expeditions in Nepal" । नेपालको हिमाली भेग दुर्ग यात्रा सम्वन्धि लिखित यस पुस्तकको तर्फबाट प्रो. जोसेफ टुच्चिलाई नेपाल सरकारको तर्फबाट सन् १९८१ मा "Birendra Pragyalankar" (वीरेन्द्र प्रज्ञालङ्कार) उपाधि प्राप्त भएको थियो ।

यसभन्दा अगाडि जोसेफ टुच्चिले सन् १९५३ मा "Journey to Mustang" कृति प्रकाशित गर्नुभएको थियो । यसको झण्डै एक दशकपछि कर्णाली भेगको यात्रा वा त्यहाँको विशेष अध्ययन अनुसन्धान गरी तयार पारिएको कृति "Discovery of the Malla" सन् १९६२ मा प्रकाशित गरिएको थियो ।

प्रो. जोसेफ टुच्चिले नेपाल र तिब्वतको वारेमा प्रशस्त मात्रामा ऐतिहासिक, धार्मिक, राजनीतिक, साहित्यिक प्रसंगका तथ्यहरु पत्तालगाई सो को पूरा विवरण आफ्नो कृतिहरुमा प्रकाश (प्रस्तुत) गरेबाट पश्चिमी जगतलाई पूवीर्य धर्म, दर्शन, कला संस्कृति आदि बारे यथेष्ट जानकारी प्राप्त हुँदै आए । उहाँको प्राय: इटाली र अंग्रेजी भाषामा लेखिएका मौलिक कृतिहरुबाट मात्र होइन उहाँद्वारा संस्कृत तिब्वती र चीनी भाषामा लेखिएका ग्रन्थहरुको अनुवाद कृतिबाट पनि एशिया र युरोपका जिज्ञासुहरुले प्रशस्त बौद्धिक ज्ञान हासिल गर्ने मौका पाएका थिए ।

प्रो. जोसेफ टुच्चिले सन् १९४९ मा तिब्वती इतिहास कला र संस्कृतिको सम्बन्धमा ३ खण्डको रुपमा "Tibetan Painted Scrolls" नामक कृति लेखी प्रकाशनमा ल्याई सक्नुभएको थियो तर पछि आएर उहाँले सन् १९६८ मा "Tibet–The Land Of Snows" कृति पनि लेखी प्रकाशित गर्नुभएको थियो ।

उहाँले आफ्नो आठौं पटकको तिब्वतको यात्रा नेपालको पहिलो सगरमाथा (Everest) बिजयता तेन्जिङ्ग शेर्पा (सन् १९१४ - ८६) सित सम्पन्न

गर्नुभएको थियो । त्यसताका उहाँहरुले ल्हासा एवं मध्यतिब्बतका क्यौं गुम्बाहरुमा पुगी त्यहा रहेका क्यौंछगपे-ल्हाखङ्ग (पुस्तकालय) हरुको निरीक्षण गरी सक्दो ती प्राचिन हस्तलिखित ग्रन्थहरु जम्मा गर्दै ल्याएका थिए । त्यसताका उहाँहरुले ४० मन जति पुस्तकहरु साथमा ल्याउनुभएको थियो । जसको निमित्त उहाँहरुले त्यसताकाको ३३०० पाउण्ड खर्च गरेर आउनुभएको थियो ।

जोसेफ टुच्चिले नेपाल र तिब्वतमा संकलन गरेको विशेषत: बौद्ध - धर्म सम्बन्धिका विभिन्न सामग्री एवं स्रोतहरुलाई उहाँले इटालीस्थित आफ्नो घरमा संग्राहालय समान गरी राम्ररी संरक्षण गरि राखेबाट पश्चिमी जगतका पूर्वीय धर्म-दर्शनका जिज्ञासुहरुलाई उहाँका घर बुद्ध-धर्म अध्ययन गर्ने केन्द्र स्थल हुन गयो ।

अन्तमा आफ्नो यौवनावस्था देखिनै इटालीका पुरातात्विक अभियान दलका प्रमुख भई पाकिस्तान, अफगानिस्तान र ईरान पुगनुभएका जोसेफ टुच्चिले विशेषत: एशिया एवं युरोपका विभिन्न एशियाटिक सोसाइटीका सदस्यता पनि प्राप्त गर्नु भएको थियो । साथै क्यौं युरोपीय एवं एशियाई विश्व विद्यालयहरुबाट क्यौं मानार्थ उपाधिहरु पनि प्राप्त गरि सक्नुभएका टेच्चिले आफ्नो ९ दशकको जीवनकाल ५ अप्रिल १९८४ का दिन अन्त गर्नुभएको थियो ।

*सन्दर्भ:*

1 - The western contribution to Buddhism
- willwam peiris,
- Motilal banarasidas
- Jawahar Nagar, Delhi - 7 - 1973

2 - Reflections on Buddhism of the Kathmandu Valley
- Harischandra lal singh
- Educational Enterprises (p.) Ltd, Kathmandu - 1996

3 - Brief Encyclopadia of Buddhism in Nepal
- Harischandra Lal Singh
- Ratna Pustak Bhandar Kathmandu, Nepal - 2007

४ - विश्वभारती मे बौद्ध शास्त्रकी चर्चा - डा. सुधाशुबिभत वस्था संघप्रकाश, दिसम्बर - १९७८

५ - 'धर्मोदय' मासिक पत्रिका - वर्ष - १०. अंक - २, ३ (दिसम्बर जनवरी १९५६- ५७)

बौद्ध साहित्यिक पत्रिका **"अर्हत त्रैमासिक"**
निरन्तरताको लागि शुभकामना ।

# लिबाली हार्डवयर

च्यास्हासिंह, भक्तपुर, फोन नं : ६६१८०३३, मो नं: ९८४३१०४२५६

# इओचा बाहाया छगु महत्वं जाःगु पुष्पिका बाक्य

✍ सुरेशज्योति शाक्य

थुगु पुष्पिका वाक्य यलदेया हनेवहम्ह संगितकार, संग्रहकर्ता पासा मोहन प्रसाद जोसिजूपाखें प्राप्त जूगु खः । पुष्पिका वाक्य छुखः धइगु विषय इतिहास अध्ययन याना च्वंपिसं वाँलाक स्यू: । पुष्पिका वाक्य ग्रन्थया समाप्त धुंकाः वइगु अन्तिम वाक्य (पत्र) खः । थुग पत्रय, विहार, उद्देस्य नापनापं तत्कालिन घटना नं तिपोट यायेगु चलन दु । थुगु कारण पुष्पिका वाक्ययात ग्रन्थाभिलेख नं धाइगु चलन दु । उकिं पुष्पिका वाक्य बचेयायेगु धाइगु थःगु पहिचान, इतिहास बचेयाइगु समान खः ।

**मूलपाठ**

(२८ पत्र)


–......॥ आर्य गृह मातृका नाम शरनि पलि
– समाप्त ॥ ॥ ये धर्मा ....
– महाश्रवण ॥ ॥ देयं धर्म्माय प्रवल महायायिन श्रीपु
– रसायाक ॥ ॥ स्वस्ति श्री मट श्री श्री श्री महार्य्यावलोकितेश्वर चलना कम धूली धू शरीता
– शिरारुह श्री मान्यस्वरीषू देवताः वरर्च्च प्रसादः देदीब्यमान्तरोत्लतः रविकूर तिलक हनू –

(२९ पत्र)

– म ध्वजः नेपालेश्वर महाराजा धिराज राज राजेन्द्र सकर राज चक्रा धिश्वर श्री श्री जय रणजि –
– त मल्ल देव परम भट्टारन्त देवानाः सदा समल वीजयंता प्रभु थाकूरस्य विजये राज्यां ॥ ॥
– दानपति भकतापूरी महानगरे ईउचो तोरः ईओचा बहारया यंता गृहे वासितः धर्म्मार्ल
– शाक्य भिक्षुः श्री नन्द्रराज जू । जो जो मानस्यः आयूआरोग्य जनधन सन्तानलक्ष्मी बृद्धिरस्तु ॥ अथ
– परदेश भाखा ॥ उर्त्तरापंर्थः सिध भूमि ल्हाश देशश च्वङावेरस अति धर्म्मचित्त उर्त्तमजा
– यरपं वयाव ॥ ध्व श्री श्री श्री नामसंगति ॥ श्री श्री श्री सप्तवाल ध्व पुष्टक थम साधायाय निमिति
– न दयका जूरो ॥ ध्वतिया पूर्णसे जजोमानव ॥ इदं शास्त्रो फलसं प्राप्तवन्ति ॥ श्रेयोस्तु
– सम्वत ८५५ आषाद मास्य कृष्ण पक्ष चतुरदस्यां तिथोः आद्रा नक्षत्र, ब्याघाट योग ज
– थाकर्ण महुतले ॥ आदित्य वासरे कर्कत रासिगते सवितले ॥ मिथुन रासि चन्द्रमासे ॥ ध्व कु
– न्हू लिखितं सम्पूर्ण मिति ॥ लिखितं ललितापूरि नगरे जसोधध महाविहार बू वाहारः

(३० पत्र)

– या श्री बज्राचार्य धन ओन्तसिं ॥ लिख्यायतं मिति ॥ ॥ याट्टष्टं
– पुस्तं दृस्ता भाहरां लिखितंमया यदि शुद्ध मशुद्धं वा म म दोष मवियेते ॥ शुभः



– मङ्गलरस्तु दर्व्वा ॥ ॥

**भावार्थ**

थुगु पुष्पिका वाक्य आर्य गृह मातृका (गुह शान्ति यायेत पाठ याईगु) ग्रन्थया २८, २९, ३० पत्रय् तिपोट जुयाच्वंगु खः । अधिकाँस बौद्ध ग्रन्थय् ये धर्मा... गाथाभिलेख उल्लेख याइगु चलन दु । वथेंतु थुगु ग्रन्थ महायान धर्मनापं नं स्वापु दु धइगु खँ क्यनातःगु जुल । थुगु ग्रन्थ नेपालेश्वर महाराजा श्री श्री जयरणजित मल्ल जुजुं शासन यानाच्वंगु इलय् भक्तपुर महानगरया ईउचो तोर (इनाचो तोर) ईओचा वाहारया (इन्द्रवर्त्त विहारया) यंताछे (याकाछे ?) वसोवास याना: च्वंम्ह दानपति, धर्मात्मा शाक्य भिक्षु श्री नन्द्रराज जू जजमानया सप्तवृधि जुयेमा धका: आसिका याना: थुगु पुस्तक रचना याकूगु जुल । उकि लिपा: उत्तरा पंथ, सिधभूमि ल्हासा देशय वसोवास याना: च्वनागु इलय अति धर्म चित्त उत्पति जूगुलिं थुगु पुस्तकया नापनापं मेगु श्री श्री श्री नाम संगीति ग्रन्थ नं गयेख: अथेहे सारे या कूगु जुल । थुगु शुभ दिन श्रेयोस्तु सम्वत ८५५ आषाद मासे कृष्ण पक्ष चतुरदसी आदि । थुगु पुस्तक सारेयाःम्ह लेखक ललितपुर जसोध ( यशोधरा) महाविहार, बु वहारया श्री वज्रचार्य धनओन्तसिं खः । अंत्य लेखक पुस्तक रचना याना वलय् आखः अशुद्ध जुल घाःसा जित दोष मलाक धकाः क्षमा याचना याःगु जुल ।

**ऐतिहासिक विशेषता**

थुगु पुष्पिका वाक्यय मुख्य कथं उत्तरा पंथ, सिद्ध भूमि ल्हासा देशय् च्वना वलय् अति धर्म चिंत्त उत्पति जूगुलि धकाः भाव ब्यक्त यानाः तःगु ऐतिहासिक विशेषता माने यायेमाः । उगु इलय् स्वनिगलय् बौद्ध धर्मया अवस्था पुजा-पाठ व कर्मकाण्डय् जकसिमित जुयाच्वंगु, शिल, समाधी, प्रज्ञाया ब्यवहारिक धर्म यक्व हे न्यून जुये धुंकूगु अवस्थाय् उत्तरापंथ ल्हाशा देशय् बौद्ध र्धम जनमानसय् बाँलाना च्वंगु सिइके फु । थुगु कारणं थन यक्व हे सिद्ध पुरुषपिं उत्पाति जूगु खनेदु । थुजाःगु सिद्ध भूमि च्वना सत्संगत यायेखंगु कारणं शाक्य भिक्षु नन्द्रराजजुयात नं प्रभावित याःगु खनेदु । थुकथं प्रभावित जुया हे वं पवित्र ग्रन्थत रचना याकूगु खः ।

ल्हासा उत्तरापंथ व नेपाल लिच्छवि इलय् निसें धर्म व ब्यपार नापं स्वापु दु । मल्ल जुजुपिनिगु इलय् नेपादेया प्रमुख ब्यापार केन्द्र हे तिवेत (ल्हासा) खः । उगु इलय् सरकार जक मखु जनमानसया दथुइ नं यक्व स्वापू दु । विशेषकथं धायेगु खःसा येंदे, यलदेया प्रख्यात प्रख्यात विहार बहिया संघ दुःपिनिगु दथुई धर्मया नापनापं ब्यापारया स्वापु नं यकव दु । थुगु कारणं हे यलदेया विहार, वहि भः भः धाःगु खः । अभिलेख अध्ययन याये वलय् ख्वपदेया विहार, वहि च्वंपिं संघ दुजःपिं ल्हासा दे बनेज्याः यानाच्वंगु प्रमाण यक्व हे म्होजक खनेदु । अभिलेख प्रमाण कथं ख्वपदेया धर्मोत्तर विहार निर्माण याःम्ह शाक्य भिक्षु मुनि बुद्धाचार्य नं उत्तरभूमि जिगाछे धाःगु थासय् ब्यापार याइम्ह ख धइगु खँ वर्तमान मुसन विहारया ल्वहँपतिइ उल्लेख जुयाच्वंगु दु । थुगु ल्वहँपतिइ वर्णन यानातगु कथं मुनि बुद्धाचार्य उत्तराखण्डया जिगाछेया तासीगुम्वाय् च्वनिम्ह खः । थुगु कारण वइत यक्व धर्मचित्त उत्पति जुया थःगु देशय् लिहाँवये धुंका ने.सं ७८७ सालय् उत्तरखण्डया नामं धर्मोत्तर विहार धका नामाकरण यानाः विहार निर्माण याःगु खः । थुम्ह मुनि बुद्धाचार्य इन्द्रवर्त्त विहार (ने.सं. ७४१) निर्माण याम्ह देव सिंहया काय खः । वथेंतु थुम्ह शाक्य भिक्षु नन्द्रराजजू सुःख धकाः अध्ययन याना वलय् जिमिगु फलचा गुठीया धलपौ (पिण्ड दान याये माःपिं मृतकतयगु धलपौ) खय् देवसिहया न्यागू खूगु पुस्तायाम्ह खनेदु । थुगु गुठी ने.सं ८९४ पाखे शाक्य भिक्षु रथनराजं स्वानाःतःगु खः । थुगु निगू अभिलेख प्रमाणया आधार इन्द्रवर्त्त विहारया संघ सदस्यपिं नं ल्हासा, कुती ब्यपारनापं स्वापू दूगु प्रमाण क्यंगु दु । उगु इलय इनाचोयात इउचातोल नं धाइगु चलन दु । वथेंतु इन्द्रवर्त्त विहारया स्थानीय नां इओचा वहाया नामं नं सम्वोधन यानातगु थुगु पुस्पिका वाक्यं क्यंगु दु ।

*भ.पु. सुकुब्वाखा*
*२०७५/६/१६/३ मा*

# लुम्बिनी शैक्षिक भ्रमण असोज १५-१८



✍ राधेश्याम बासुकला

## परियति: प्रथम प्रवेश शिक्षा

मैत्रेय युवा संघ भक्तपुरको आयोजनामा चार दिनको लुम्बिनी, कपिलवस्तु, गोटिहवा, कुदान, रामग्राम, देवदह आदि पवित्र भूमिमा आश्विन १५ देखि १८ गतेसम्मको ऐतिहासिक शैक्षिक भ्रमणको संक्षेपमा केही कुरा यहाँ प्रस्तुत गर्न चाहन्छु । मिति २०७४ असोज १५ गते बिहानको ५ बजे दूधपाटीस्थित तिर्थराज बज्राचार्य दाइको घरको प्राङ्गणमा जम्मा भयौं । भ्रमणकर्ता जम्मा ३२ जना थियौं । ३२ जनामा महिला २१ जना, पुरूष ११ जना । दूधपाटीवाट विहान ५:३० बजे गाडी गुड्यो । नास्ताको लागि चाहिने आवश्यक सामग्रीहरू पहिल्यै गाडीमा राखेका थियौं । बिहानको नास्ता बाटोमा कतै चौरमा बसेर खाने भनेर लगेका थियौं । धादिङ्गको 'एक्लोफाँट' भन्ने ठाउँमा विहानको ७:३० बजे हामीले नास्ता गऱ्यौं । नास्तापछि ८ बजे त्यहाँबाट गाडी अगाडी बढ्यो । खाना हामीले भक्तपुरे होटेल नामको कुरिनटारमा विहानको ९:३० बजे खायौं । खाना खाइसकेपछि १०:३० बजे गाडी अगाडी बढ्यो । गाडीवाटै हामीले साइडसिन हेर्दै रमाइलो गर्दै गएका थियौं । दासढुङ्गा, जुरेली, रामनगर, नारायणगढ, कावासोती, अरूणखोला, दुम्की, दाउन्ने, बर्दघाट, भुमही, हुँदै रामग्राममा ३:४० बजे पुग्यौं ।

## रामग्राम स्तुप

भगवान शाक्य बुद्धको महापरिनिर्वाण पश्चात् तत्कालीन ८ गणराज्यहरूको राजाहरूलाई अस्तुधातु बाँडेका थिए । जस्तै: मगध देशको अजातशत्रु राजा, बैशाली महानगरको लिच्छवी राजा, कपिलवस्तुको शाक्य राजा, अल्लकप्प देशको बुलीय राजा, रामग्रामको कोलीय राजा, वेठदीपको मेयर वेठदीप ब्राह्मण, पावा नगरको मल्ल राजा र कुशीनगरको मल्ल राजाले आफ्नो भागमा पाएका अस्तु धातुमध्ये कोलीय गणराज्यले आफ्नो भागमा पाएको अस्तुधातु राखी रामग्राममा स्तुपको निर्माण गरिएको हो । सम्राट अशोकले इसापूर्व २४९ मा लुम्बिनी लगायतका बुद्ध स्थलहरूको भ्रमण गरी ८ राज्यहरूले बुद्धको अस्तुधातु राखी बनाइएको स्तुपहरू उत्खनन् गरी त्यसलाई विभक्त गरी ८४,००० स-साना स्तुपहरू बनाउने क्रममा

रामग्राममा आउँदा त्यहाँका नागराजाले रोकेर अस्तुधातु उत्खनन् गर्न नदिएकोले बुद्धका ८ अस्तुधातुहरू प्रयोग गरी बनाइएका स्तुपहरू मध्ये रामग्राममा अवस्थित स्तुप मात्र पवित्र र उत्खनन् नभएको स्तुपको रूपमा मानिन्छ । यो स्तुप इतिहासविद् एवं पुरातत्त्वविद् डा. डब्लु होइद्वारा १८९९ मा रामग्राम स्तुप पत्ता लगाएको हो ।

रामग्रामको बारेमा थप जानकारी पाउन हामीले एउटा छोटो कार्यक्रम पनि राखेका थियौं । रामग्रामको बारेमा लेखक श्री रत्न सुन्दर शाक्यले ऐतिहासिक जानकारी दिनुभएको थियो । रामग्रामबाट हामी सिधै लुम्बिनीतिर हाम्रो गाडी अगाडि बढायौं र लुम्बिनी साँझको सवा ६ बजे पुग्यौं । लुम्बिनीमा हामीले गौतमी विहारमा बास बस्नको लागि पहिल्यै मिलाई राखेका थियौं । पहिलो दिनको यात्रा यहाँ आएर समाप्त भयो ।

दोस्रो दिनको यात्रा विहान ७ बजेबाट शुरू भयो । सबभन्दा पहिला हामी विश्व शान्ति स्तुपको अवलोकन गर्न गयौं ।

**विश्व शान्ति स्तुप**

विश्व शान्ति स्तुप जापानी बौद्ध संस्था "निप्पोन्जान म्योहोजी" द्वारा निर्माण गरिएको हो । दोस्रो विश्व युद्धताका हिरोसिमा र नागासाकीमा आणविक अस्त्रको प्रहारबाट असङ्ख्य मानवीय नरसंहार पछि भाव विह्वल भएका फुजीइ गुरूजी संसार भर शान्ति स्थापनाका लागि संसारभरि स्तुप बनाउन थाल्नुभएको कुरा अभिलेखमा उल्लेख गरिएको पाइन्छ । विश्व शान्ति स्तुप सन् १९९३ नोवेम्वर १३ मा (वि.सं.२०५० साल कार्तिक २८ गते) गिरिजाप्रसाद कोइरालाले शिलान्यास गरी सन् २००१ नोवेम्वर ३ मा (वि.सं. २०५८ कार्तिक १८ गते) उहाँकै हातबाट समुद्घाटन गरिएको हो । यस शान्ति स्तुपको उचाइ ४१.५ मिटर, गोलाइ २० मिटर छ । यो स्तुपका निर्माणकर्ता युनाताका नावतोमे हुन् । जसले यो स्तुप बनाए बापत आफ्नो ज्यानको आहुती दिनु परेको थियो । यस स्तुपका चार दिशामा स्थापना गरिएका चारवटा सुन्दर मूर्तिहरूले बुद्ध भगवान्को जीवनका प्रमुख चार घटनाहरू, जन्म, ज्ञानप्राप्ति, पहिलो धर्मदेशना र महापरिनिर्वाणलाई प्रतिविम्वित गरेका छन् । यस पछिको यात्रा हाम्रो कपिलवस्तुको थियो ।

**इण्डियास्थित कपिलवस्तु**



कपिलवस्तु पनि दुईतिर अवस्थित भएको पायौं । एउटा इण्डिया र एउटा नेपालमा । पहिला हामी इण्डियाको कपिलवस्तु हेर्न गएका थियौं । नेपालको बोर्डरबाट लगभग १ किलोमिटरभित्र गएपछि इण्डियाको उत्तरप्रदेशमा अवस्थित रहेको कपिलवस्तु छैठौं शताब्दी इ.पू. मा शाक्य गणराज्यको राजधानी हो । भगवान् बुद्ध महापरिनिर्वाण भएपछि उहाँको अस्तिधातु आठ भाग मध्ये एक भाग यहाँ पनि राखी स्तुपको निर्माण गरिएको हो भन्ने उल्लेख छ । W.C. Peppe द्वारा १८९८ मा उत्खनन्बाट भेटिएको खडिया पत्थरबाट निर्मित अस्थि मंजुषा

अभिलेखमा यो स्तुप उहाँको भाइहरूद्वारा आरुना बहिनी, पुत्र एवं पत्नीहरू मिलेर बनाएको कुरा लेखेको पाइन्छ । पुरातात्विक उत्खनन (सन् १९७१-७६) मा प्राप्त भएको शिलालेख जसमा 'ओम देवपुत्र विहारे कपिलवस्तु भिक्षु संघस' अर्थात 'महाकपिलवस्तु भिक्षु संघस' भनी लेखेको अभिलेख बाहेक विहार, मन्दिर, मनौती-स्तुप तथा एक सभागारको पनि अवशेष भेटेको कुरा लेखिएको पाइन्छ । यो ठाउँ एकदमै रमणीय रूपमा बनाएको पाइयो । जहाँ गएपछि साँच्चैको स्वर्गमा पुगेको जस्तो अनुभव हुने शान्त, सुन्दर बनाएको थियो । यसपछि हामी गोटीहवामा गयौँ ।

## गोटिहवा (ऋकुछन्द बुद्धको जन्म स्थल)



ऋकुछन्द बुद्धको जन्म, बुद्धत्व प्राप्त गरे पश्चात् पहिलो पटक बुबासँग भेट भएको पवित्र स्थलको रूपमा परिचित छ । इ.पू. को तेस्रो शताब्दीमा सम्राट अशोकले यस पवित्र स्थलमा आई आफैले शिलास्तम्भ गाडी यहाँको स्तुप निर्माण गरेका थिए । स्थायी जगमा अडिएको यस स्तम्भको माथिल्लो भाग भाँचिएर हालसम्म फेला परेको छैन । जगदेखि भाँचिएको टुप्पोसम्मको उचाइ ३ मिटर २५ से.मी. रहेको छ भने जग र टुप्पामा गोलाइ क्रमश: ८३ सेन्टिमिटर र ७९ सेन्टिमिटर रहेको छ । गोटिहवा गाउँको बीचमा एउटा प्राचीन इनार र दक्षिणतिर १ वटा प्राचीन पोखरी समेत रहेका छन् भनी विख्यात चिनियाँ यात्रीहरू फाहियन (५ औं शताब्दीमा) र हुयन साङ (७ औं शताब्दीमा) आरुना यात्रा वर्णनमा उल्लेख गरिएको पाइन्छ । अनुसन्धानदाता डा. एल.ए. वाडेलको उत्खनन्बाट स्तुप २२ मिटर व्यास सहितको गोलाकार भएको र वरिपरि परिक्रमा मार्ग समेत भएको पाइएको छ । सन् १९९३ मा नेपाली तथा इटालीको टोलीले उत्खनन् गर्दा यो इ.पू. १० औं देखि नवौं शताब्दी देखि इशाको तेस्रो देखि चौथौं शताब्दीका मानव क्रियाकलापहरू भएको प्रमाण भेटिएका छन् भनी अभिलेखमा उल्लेख गरिएको पाइन्छ । त्यस्तै हुयन साङले अशोक स्तम्भको टुप्पोमा सिंहको आकृति रहेको र यो अभिलेखमा यो स्थलमा ऋकुछन्द बुद्धको जन्म तथा बुद्धत्व प्राप्ति भएको विवरण उल्लेख गरेका छन् । यस पछि हामी कुदान भन्ने ठाउँको अवलोकन गर्न हिड्यौं ।

## कुदान (प्राचीन निग्रोधाराम)

प्राचीन निग्रोधारामको नामबाट चिनिने यो स्थल बुद्ध र बुद्धका भिक्षुहरूलाई बस्ने विहार राजा शुद्धोदनले निर्माण गरेका थिए । यसै ठाउँमा प्रजापति गौतमीले बुद्धलाई काषाय वस्त्र प्रदान गरेकी र राहुल भिक्षु भएका थिए । केही विद्वान्हरूले यस स्थललाई क्षमावती नामिक नगर ऋकुछन्द बुद्धको शहरका रूपमा पनि परिचय दिएका छन् । यस स्थलमा हाल ३ वटा स्तुपहरू, १ वटा पोखरी र १ वटा इनार रहेका छन् । स्तुप नं.१ बुद्धका छोरा राहुलले बुद्धका प्रमुख शिष्य सारिपुत्रबाट भिक्षु भएको सम्झनामा बनाइएको हो । स्तुप नं.२ राजा



शुद्धोदनले शाक्यमुनि बुद्धलाई बुद्धत्व प्राप्त गरेपश्चात् पहिलो पटक निग्रोधाराम विहारमा भेट गरेको क्षणलाई सम्मान गरी बनाइएको हो । स्तुप नं.३ मा बुद्धका कान्छी आमा महारानी प्रजापति गौतमीले बुद्धलाई काषाय वस्त्र दान गरेकी थिइन् । बुद्धसँगै आएर करीब ४० दिनको वर्षावास विताएका करीव ३०० भिक्षुहरूले यस बगैंचामा रहेको पोखरीमा नुहाएको मानिन्छ । यस स्थललाई ऋकुछन्द बुद्धको शहरको रूपमा पनि परिचय दिएका छन् ।

प्राचीन कपिलवस्तु (नेपालस्थित रहेको) शाक्यहरूको प्राचीन राजधानी तथा कपिलवस्तु गणराज्य दुवैलाई जनाउँछ । जहाँ सिद्धार्थ गौतम बुद्धले २९ वर्ष राजकुमारको रूपमा विताएका थिए । यस क्षेत्रको पूरै उत्खनन् हुन अझै बाँकी नै छ । यस क्षेत्रको पूर्वीद्वार र पश्चिमीद्वारको मात्र उत्खनन् गरेको पाइयो । पूर्वीद्वारबाट भगवान् गौतम बुद्धले सांसारिक जीवन त्याग गर्नुभएको थियो । यस क्षेत्रलाई २२ फिट पर्खाल र १० फिट चौडा सुरक्षा पर्खालले घेरिएको छ । उत्खनन्बाट १९ फिट चौडा बाटो, दायाँ, बायाँ बुर्जा जस्ता वास्तु अवशेषका साथै माटाका मानव र जनावरका प्रतिमाहरू, मुद्राहरू, माला, गुटिका, चुरा र ब्राहमी अभिलेख युक्त मोहर छाप प्राप्त भएका छन् । यसको संरक्षणको लागि एल.डि.टी. २०१२ लेखिएको ईटाले पुराना ईटालाई छोपी राखेको कुरा त्यहाँका बासिन्दा राहुल भन्ने गाइडले हामीलाई बताउनु भएको थियो ।

पश्चिमद्वारको दुवैतर्फ बुर्जाहरूका साथै ईटा छापिएको १९ फिट चौडा बाटोको दुवैतर्फ डबलीहरू छन् । केही ताम्र मुद्रा, फलामको कोदालो, छिनो र अन्य धातुका वस्तुहरू यहाँबाट प्राप्त भएका छन् भनी अभिलेखमा उल्लेख गरिएको पाइन्छ । यस क्षेत्रको संरक्षण खासै भएको देखिँदैन । डलर कमाउन सक्ने ठाउँलाई वेवास्ता गरी राखेको छ । जसले गर्दा जो कोही पनि यस क्षेत्रको भ्रमण गरेपछि नेपाल सरकारलाई नधिक्कार्ने कोही नहोला । इण्डियास्थित कपिलवस्तु स्वर्ग जस्तै बनाएको छ भने नेपालस्थित कपिलवस्तु एकदमै दयनीय रूपमा त्यतिकै आमा बाबु विनाको छोराछोरी जस्तै छोडिएको पाइन्छ ।

**निग्लिहवा (कनकमुनि बुद्धको जन्मस्थल)**

यस स्थलमा पनि सम्राट अशोकले इ.पु. २४९ मा आफै आई शिलास्तम्भ खडा गरेको उल्लेख शिलालेखमा कुँदिएको पाइन्छ । यहाँको अशोक स्तम्भको उचाइ १४ फिट ९ इन्च लामो माथिल्लो टुक्रालाई जमिनमा गाडिएर रहेको अभिलेख सहित पहिलो टुक्रा भएको स्थानमा छानासहितको ओत मुनि राखी संरक्षण गरिएको छ । अशोक स्तम्भमा राजा रिपु मल्लद्वारा



लिखित अभिलेख समेत रहेको छ । सम्राट अशोकले त्यहाँको स्तुपलाई दोस्रो पटक ठूलो बनाउन लगाइएको अभिलेखमा भएको र प्रसिद्ध चिनियाँ यात्रीहरू फाहियन र हुयन शाङले पनि आरुनो यात्रा वर्णनमा कनकमुनि बुद्धको स्तुपमा भ्रमण गरेको उल्लेख गरिएको पाइन्छ । पुरातत्वविद् डा. फुहररले आरुनो २ पटकको खोज भ्रमण ( सन् १८९६ र सन् १८९७) पश्चात् तयार गरेको प्रतिवेदनमा यो स्थलमा बुद्ध कनकमुनिको ठूलो स्तुप रहेको र उक्त स्तुप सम्भवत भारतमा विद्यमान स्तुपहरू मध्ये पुरानो हुनसक्ने दाबी गरेका छन् । यद्यपि सो स्तुप यहाँ अझसम्म भेटिएको छैन । पूर्वी भागमा रहेको पोखरी निर्माणको क्रममा सो स्तुप क्षति भएको हुनसक्ने अनुमान गरिएको छ ।

यस पछि हामी सबैजना गाडीमा बसेर लुम्बिनी बजार घुम्न गयौं । बजारमा सबैले केही न केही चिजहरू किन्यौं । मैले पनि सान्है गर्मी भएको हुनाले टोपी किनें । बजारको घुमघाम पछि विभिन्न राष्ट्रहरूको विहार घुम्ने भनेर हिड्यौं । सबभन्दा पहिला श्रीलंकाको विहारको अवलोकन गर्‍यौं । विहार शान्त, सुन्दर थियो । जहाँ भित्ताहरूमा बुद्ध जीवनीको बारेमा भित्ते चित्रहरू लेखिएको पाइयो । सबैले केही फोटो सेसन गरेर गौतमी विहारमा फर्क्यौं । रातको खाना खाएर सबैजना आ-आरुनो कोठामा विश्राम गर्न गयौं । तेस्रो दिनको यात्रा हाम्रो मायादेवी मन्दिरबाट शुरू गर्‍यौं ।

## मायादेवी मन्दिर

भगवान शाक्यमुनि बुद्धको जन्मस्थल हो । जहाँ बुद्ध जन्मको प्रमाण चिनो ढुङ्गा, बुद्ध जन्ममूर्ति



तथा प्राचीन संरचनाहरू रहेका छन् । बुद्ध जन्मने बितिक्कै राखेको पहिलो पाइलाको रूपमा सम्राट अशोकले २४९ इसापूर्वमा लुम्बिनी भ्रमण गर्दा राखिएको मार्कर स्टोन (Marker Stone) चिन्ह लगाएको र जसलाई सम्राट अशोकले पूजा समेत गरेको कुरा अशोक स्तम्भमा उल्लेख गरिएको छ । मन्दिरमा इसापूर्व तेस्रो शब्तादी देखि इसाको सातौं शब्तादीसम्मका १५ वटा च्याम्बरहरू रहेका कुरा पनि जानकारी पाएँ । उत्खनन्का क्रममा ४९ से.मी. ह ३६ से.मी. ह ७ से.मी. साईज र २० के.जी. तौल भएका प्रि-मौर्यकालीन ईटाहरू समेत फेला परेका कुरा अभिलेखमा उल्लेख गरेको पाइन्छ । अशोक स्तम्भको दक्षिण तर्फ भगवान् बुद्धको माता रानी महामायादेवीले बुद्धलाई जन्म दिनु अगाडि पवित्र स्नान गरेको पवित्र कुण्ड अर्थात् पुष्करनी अवस्थित छ । बुद्ध लुम्बिनी मै जन्मेको हो भने कुरा सम्राट अशोकले स्थापना गरेको चिनो ढुङ्गा अथवा मार्कर स्टोनले प्रमाणित गरेको कुरा पनि अभिलेखमा उल्लेख गरिएको पाइन्छ ।

मायादेवी मन्दिर अवलोकनपछि अशोक स्तम्भ र लुम्बिनी विकासबारे श्रद्धेय भिक्षु मैत्रि महास्थवीरले संक्षिप्त जानकारी दिनु भएको थियो ।

## अशोक स्तम्भ

मौर्य सम्राट अशोकले २४९ इ.पू. मा ठड्याएको अभिलेख सहितको यस अशोक स्तम्भ भारतको वाराणसी



नजिकैको चुनारको ढुङ्गे पहाडबाट ल्याइएको बलौटो र अवसादी शैलले बनाइएको हो । ठड्याइएको बेलामा यस स्तम्भको उचाइ करिब ४० फिट अग्लो हुनुका साथै यसका तीन खण्डहरू थिए । हाल यसको लम्बाइ ३० फिट साढे १० इन्च अग्लो यस शिलास्तम्भ चिनियाँ तीर्थयात्री हुयन साङले सातौं शताब्दीमा देखेका थिए । जसमध्ये १३ फिट ८ इन्च जमिनमा गाडिएको छ । यस स्तम्भको सबैभन्दा माथि रहेको घोडाको प्रतिमा चट्याङले हानेर भुईमा खसेको भन्ने कुरा उनले वर्णन गरेका छन् । यस स्तम्भको महत्वपूर्ण विशेषता नै यसमा कुँदिएको अभिलेख हो ।

**बाल बुद्ध**

मायादेवी मन्दिर र शान्ति दीपको बीच बाटोमा एउटा बाल बुद्धको मूर्ति स्थापना गरिएको



छ । यो मूर्ति थाइलैण्डका बौद्धहरूद्वारा चढाइएको ४ लाख भन्दा बढी ढलौटका टुक्राहरूबाट निर्माण गरिएको उल्लेख छ । यो मूर्ति २०६९ साल चैत्र १८ गते स्थापना गरिएको पनि उल्लेख छ । यस मूर्तिले बुद्ध जन्मको बेलामा भएको चमत्कार देखाएको र प्राचीन बौद्ध ग्रन्थहरूका अनुसार जन्मनेबितिकै बुद्धले चारै दिशातिर हेर्नु भयो, औंला माथि उठाएर कमलको फूल माथि हिँड्दै निम्न बमोजम शंखनाद गर्नुभयो - "म नै संसारमा अग्रपुरूष हुँ, म नै संसारमा सर्वश्रेष्ठ हुँ, म नै संसारमा अग्रज हुँ, यही मेरो अन्तिम जन्म हो । यस पछि अर्को जन्म हुने छैन ।" भन्ने कुरा बौद्ध साहित्य ट्रिपिट्टकमा लेखेको पाइन्छ ।



**शान्ति दीप अथवा अखण्ड शान्ति दीप**

अन्तर्राष्ट्रिय शान्ति दिवस १९९६ को उपलक्ष्यमा तत्कालीन राजा ज्ञानेन्द्रले प्रज्ज्वलन गर्नु भएको यस अखण्ड दीप विश्वमा शान्ति तथा भाइचारा फैलाउनका लागि संयुक्त राष्ट्र संघको केन्द्रीय कार्यालय न्यूयोर्क, अमेरिकाबाट ल्याई प्रज्ज्वलन गरिएको कुरा पनि अभिलेखमा उल्लेख गरिएको पाइन्छ ।

त्यस पछि हामीले राजकीय बुद्ध विहार,

धर्मस्वामी महाराज बुद्ध विहार, लगायतका विहारको अवलोकन पछि नास्ता गर्नको लागि फेरि सबैजना गौतमी विहारमा फर्क्यौं । नास्ता पछि हामीले थेरवाद विहारहरूको अवलोकन गर्न हिड्यौं । बोधि सोसाइटीको महा विश्वशान्ति बुद्ध विहार इण्डियाको अवलोकन पछि हामीले कम्बोडियन विहारको अवलोकन गर्‍यौं । कम्बोडियन विहार बाहिरतिर पूर्ण रूपमा बनिसकेको छैन । विहारको भित्री भाग बनाइसकेको छ । यसको भित्री भागमा विसन्तर जातकको बारेमा भित्ते चित्रहरू लेखिएका छन् । विहार एकदमै शान्त, सुन्दर, शितल छ । त्यहाँ हामीले केही फोटाहरू पनि खिच्यौं । त्यसपछि हामीले म्यानमार विहार अवलोकन गर्‍यौं । त्यो दिन पूरै विभिन्न विहारहरूको अवलोकन गर्दै हामीले दिन वितायौ । गर्मी अति भएको हुनाले विहारभित्र पस्ने बित्तिक्कै सबै जना चिसो मार्बरमा एकछिन बस्दै आराम गर्दै फोटो खिच्दै त्यसको बारेमा जानकारी लिन्दै सम्पूर्ण विहारको अवलोकन पूरा गर्‍यौं । राति गौतमी विहारमा नै खाना खाई सबै जना आ-आफ्नो कोठामा गएर विश्राम गर्‍यौं ।

चौथौ दिन अथवा भ्रमणको अन्तिम दिन विहान ७ बजे गौतमी विहारमा भ्रमण टोलीहरूलाई ठाउँको राम्रो व्यवस्था मिलाइ दिनु भएकोमा मैत्रेय युवा संघबाट धन्यवाद ज्ञापन कार्यक्रम गरियो । उक्त कार्यक्रममा उपाध्यक्ष तिर्थराज बज्राचार्य, लेखक रत्न सुन्दर शाक्य, लक्ष्मीचन्द्र बज्राचार्यले बुद्ध शिक्षा अध्ययनको साथ साथै ऐतिहासिक भ्रमण पनि गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । अध्यक्ष सन्चित बुद्धाचार्यले गौतमी विहारलाई १३५५०।- रकम विहारका उपासक मोतिलाल यादवलाई धन्यवाद स्वरुप प्रदान गर्नु भएको थियो । गौतमी विहारबाट ७:३० बजे देवदहको लागि गाडी अगाडि बढायौं ।

बुटवलमा पद्म चैत्य विहारमा पत्रिका र कितावहरू आदान प्रदान गर्दै हामी फर्क्यौं । देवदहको गेटभित्र ९:४० मिनेटमा पस्यौं । देवदह देखाएको चिन्हलाई हेर्दै अगाडि बढेको मेनरोडमै पुगेछ । त्यसपछि देवदहको गेटबाट भित्र छिरेन । हामीले अर्को बाटो छ होला देवदह पुग्ने भनेर बसेको त देवदह नै नलगी फर्काएको कुरा चितवन पुगेपछि मात्र थाहा पायौं । कुरिनटारमा पहिलेकै भक्तपुरे होटेलमा खाना खायौं । खाना खाइसकेपछि गाडीमा गीत गाउँदै घर फर्क्यौं । यसरी रातको १० बजे घर पुगें । भ्रमण समग्रमा हेर्दा एकदमै ज्ञानबर्द्धक र शिक्षा मूलक थियो । जसले गर्दा किताबमा लेखेको र हामीले सुनेका कुरा के कति ठीक हो भन्ने कुरा प्रत्यक्ष रूपमा आफैले अनुभव गर्न र बुझ्न पाइन्छ । भ्रमणका केही कमिकमजोरीहरू अथवा सुझावहरू

१. आइटनरी बनाउनुपर्ने ।
२. कुनै पनि निर्णय गर्दा छलफल गर्नुपर्ने ।
३. देवदह जान पाएको भए अझ राम्रो हुने ।
४. भ्रमण कर्ताहरूकोबारेमा परिचयात्मक कार्यक्रम भएको भए राम्रो हुने ।

अन्तमा, भ्रमण सफलता पूर्वक सम्पन्न भएको छ । यस्तो भ्रमणहरू बरम्बार गर्नुपर्ने देखिन्छ । यसरी नै वर्षे पिच्छे एउटा ऐतिहासिक स्थलको शैक्षिक भ्रमणको आशा राख्दै बिदा हुन्छु ।

भवतु सब्ब मंगलं

◆

बौद्ध साहित्यिक पत्रिका अर्हत त्रैमासिक निरन्तरताको शुभकामना ।

वैज्ञानिक तथा गुणस्तरीय शिक्षाको लागि स्वप्रिङ्ग इङ्गलिस स्कुललाई सम्भनुहोस्, आ-आफ्नो नानीहरू भर्ना गर्नुहोस् ।

## स्वप्रिङ्ग इङ्गलिस स्कुल

लिवाली, भक्तपुर-८

बौद्ध साहित्यिक पत्रिका अर्हत त्रैमासिक निरन्तरताको शुभकामना ।

## भक्तपुर ईँटा उद्योग व्यवसायी संघ

जगाती, भक्तपुर-७

बौद्ध साहित्यिक पत्रिका अर्हत त्रैमासिक निरन्तरताको शुभकामना ।

## सिस्को फलेक्स प्रिन्ट

च्याम्हासिंह, भक्तपुर, फोन नं : ६६१७१३५, ९८५११७०५६०

यहाँ, Flex Print, Sticker print Reflective print गरिन्छ । Trackshcit, Jersey, T-Shirt सिलाउनुका साथै T-Shirt Print सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट